स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



केकी अधिकारी स्टारर 'बोक्सीको घर'ले घरेलु बक्स अफिसमा १० करोड रुपैयाँ ग्रसको आँकडा पार गरेको छ । चौथो सप्ताहन्तसम्म कुल कलेक्सन ११ करोड हाराहारीमा रहेको उनले जानकारी दिइन् । यो कमाइसँगै 'बोक्सीको घर' २०८१ सालमा १० करोडको आँकडा पार गर्ने पहिलो नेपाली फिल्म बनेको छ । 'तेस्रो सातासम्म हामी १० करोड जतिमा थियौं । फोर्थ विकेन्डमा ११ करोड हाराहारीमा पुगेका छौं,' केकीले भनिन् ।

**आजको विचार...**



रमेशप्रसाद गौतम

आजको...
(दुई पेजमा)



अनमोल केसी स्टारर फेन्टासी ड्रामा 'फर्की फर्की'को देशब्यापी एड्भान्स टिकट बिक्री सुरु भएको छ । मुख्य मल्टिप्लेक्स चेनले सुयोग गुरुङ निर्देशित फिल्मलाई उत्साहजनक शो दिएका छन् । क्यूएफएक्स चेनमा कूल शो संख्या ६१ छ । आइएनआईमा १५ र वान सिनेमाजमा ९ शो तय छन् । शो संख्या हेर्दा ओपनिङ उत्साहजनक हुने देखिएको छ । ट्रेलर बाट प्राप्त हाइपको प्रभाव फिल्मको शोज वितरणमा देखिएको छ । एकसाथ रिलिज तयारीमा छ । फेन्टासी ड्रामा जनरामा बनेको फिल्मलाई ट्रेलरको हाइप, केसीको स्टारडमको साथ मिल्ने निर्माता अधिकारीको बुझाई छ ।

❒ वर्ष २९ ❒ अंक २९२ ❒ २०८१ जेठ ९ गते बुधबार 22 May 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# गाउँ फर्किएर व्यवसायिक गाई–भैंसी पालन

## दुध बिक्रीबाटै मासिक लाखौं आम्दानी

**रासस**

**तम्घास (गुल्मी),** जेठ ८/गुल्मीको रेसुङ्गा नगरपालिका-७ का शम्भु पाण्डे रोजगारीका लागि १२ वर्ष विदेश बसे । विदेश (दुवई) मा उनले होटलमा काम गर्थे । उनी एकपटक घर आएको बेला फेरि विदेश जान मन लागेन । अन्तत: पाण्डेले २०७० सालदेखि व्यावसायिक गाईपालन सुरु गरे ।

सिद्धबाबा गौशला तथा कृषि फर्ममा १० गाईबाट व्यवसाय सुरु गरेका पाण्डेको गोठमा अहिले १५ माऊ गाई छन् । त्यसबाहेक साना बाच्छीहरु पनि छन् । गाईबाट पाण्डेले दैनिक न्यूनतम ८० लिटर दूध उत्पादन गर्छन् । उनले प्रतिलिटर ७५ मा तम्घासमा उक्त दूध बिक्री गर्दै आएका छन् । 'दैनिक ६ हजारको दूध बिक्री हुन्छ ।

मासिक एक लाख ८० हजार बाट वार्षिक २१ लाख ६० हजारभन्दा बढी आम्दानी हुन्छ,' पाण्डेले भने, 'दूध बिक्रीबाट आम्दानीसँगै सन्तुष्टि पनि मिलेको छ ।' विदेशको काममा स्वतन्त्रता नहुने भन्दै उनले विदेशको काम र स्वदेशको कर्ममा तुलना गर्न नसकिने बताए । पाण्डेसँग अहिले जर्सी, होलिस्टाइनलगायत जातका गाई छन् । 'बिहान साढे ४ बजे उठेर गाईको स्याहारसुसारमा लाग्छु,' उनले भने, 'एकचित्त भएर काममा लागे सफल भइन्छ ।' यस्तै धुर्कोट गाउँपालिका-६ का मेघनाथ अर्यालले कोभिड-१९ भन्दा अगाडि बुटबलमा व्यवसाय गर्थे । विसं २०७७ मा कोरोनाले उनलाई घर



फर्कायो । बच्चाबच्चीको पढाइ पनि बन्द भयो । कोभिडले केही समय बुटबल फर्किने स्थिति भएन । केही समयका लागि गाउँ आएका अर्याल पुन: बुटबल नफर्किने गरी भैंसी व्यवसायमा लागे । २०७७ सालबाटै 'अर्याल पुशपक्षी फर्म' बाट भैंसीपालन व्यवसायमा लागेका अर्यालको गोठमा अहिले २२ वटा माउ भैंसी छन् । त्यो बाहेक साना पाडापाडी गरेर ३० वटाभन्दा धेरै छन् । 'प्रतिलिटर सय रुपैयाँमा दैनिक ८० लिटर दूध घरबाटै बिक्री भइरहेको छ,' अर्यालले भने, 'गाउँका १० जनालाई रोजगार पनि दिएको छु ।' उनले एउटा याममा एक सय ५० लिटरसम्म दूध बिक्री गरेको बताए । व्यवसाय सुरु गर्दाको वर्ष बाहिरी वातावरण नबुझेर घाटामा गए पनि अहिले फर्मको स्थिति सुधारजनक रहेकाले भैंसीपालन व्यवसायमा सन्तुष्टि मिलेको छ । गत वर्ष भेटेरिनरी कार्यालयले पाँच लाखको कार्यक्रम दिएर सहयोग गरेको अर्याल बताउँछन् । सुरुमा गाउँमै भैंसीपालन व्यवसाय गर्छुभन्दा नपत्याउने गाउँलेहरु अहिले आफ्नो कर्म देखेर दङ्ग परेका अर्यालले बताए ।

अर्यालले भैंसीपालन व्यवसायका साथसाथै व्यावसायिक मकै र धानखेती पनि गरेका छन् । यसका लागि मालिका गाउँपालिका-६ मा वार्षिक १८ लाख तिर्नेगरी जग्गा भाडामा लिएका छन् । तर गाउँमा कामदार नपाइने समस्या भएको अर्यालले बताए । पाण्डे र अर्याल मात्र होइन, धुर्कोट गाउँपालिका-५ वस्तुका रवीन्द्र घिमिरे पनि दूध उत्पादनमै व्यस्त छन् । बिहानदेखि बेलुकासम्म उनको समय गाई/भैंसीको स्याहार, दूध दुहुने, ब्याकेटिङ गर्ने र बजार पठाउनेमा बित्छ । 'अहिलेसम्म एक करोड छ लाख लगानी लगाएको छु, यसबाट ३० गाई/भैंसी अट्ने गोठ बनाएको छु । ३० गाई/भैंसी पनि किनेको छु,' घिमिरेले भने, 'भैंसीपालन व्यवसायबाट म र मेरो परिवार सन्तुष्ट छ ।' घिमिरेले दैनिक ७० भन्दा बढी लिटर दूध बिक्री गरिरहेको बताए । उनले २०६२ सालमा त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर गरेका छन् । सानैदेखि आफू पनि स्वरोजगार बन्ने र अरूलाई पनि स्वरोजगार बनाउने आफ्नो लक्ष्य भएको घिमिरे बताउन्छन् । कोरोना महामारीपछि गाउँ आएर व्यवसाय सुरु गर्दा घरमा र गाउँमा कसैले नपत्याएको उनको भनाई छ । 'सुरुमा त कसैले पत्याएनन् तर निरन्तर गर्दै गए,' घिमिरेले भने, 'अहिले व्यावसायिक कृषक बन्न पाउँदा खुसी लागेको छ ।' माथिल्लो तह अध्ययन गरेर विदेश नै जानुपर्छ भन्ने धारणा गलत साबित गराउन आफू लागिपरेको उनले बताए । हिमालय माविबाट एसएलसी दिएपछि उच्च शिक्षा अध्ययन गर्न गाउँ छोडेको २२ वर्षपछि घिमिरे फेरि गाउँ फर्किएर व्यावसायिक भैंसीपालनमा लागेका हुन् । राज्यले कृषि क्षेत्रलाई अगाडि बढाउन अनुदानको सट्टा सरल कृषि कर्जाको व्यवस्था गर्नुपर्ने घिमिरेको भनाइ छ । लम्पी स्किन रोगबाट धेरै गाई/भैंसी गुमाए पनि क्षतिपूर्ति नपाएको उनको गुनासो छ । गुल्मीमा पाण्डे, अर्याल र घिमिरे त व्यावसायिक दुग्ध उत्पादनमा लागेका केही प्रतिनिधिमूलक कृषक मात्रै हुन् । बजारको कुनै समस्या नहुने र दूधबाट विभिन्न थरीका परिकार समेत बनाएर बिक्री गर्न सकिने भएपछि जिल्लाका किसान दुग्ध उत्पादनतर्फ आकर्षित भएका छन् । अधिकांश दूध सम्बन्धित स्थानीय बजारमै खपत हुने गरेको छ । त्यसका अलवा तम्घास, रिडी, सत्यवतीको जुहाङ्ग, रुरुक्षेत्रको बलेटक्सार, मुसिकोटको वामिटक्सार जस्ता ठाउँमा दूध बढी खपत हुँदै आएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख हुमाकान्त पाण्डेले गुल्मीको दुई लाख ६० हजार जनसंख्यालाई वार्षिक ९० लिटरका दरले पिउन पुग्नेगरी दूध उत्पादन भएको बताए । जिल्लामा दूध उत्पादन वृद्धि गर्न भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रले अगुवा किसानलाई तालिम दिएको उनको भनाई छ ।

**संक्षिप्त समाचार**

## कान्तिपुरका अध्यक्ष सिरोहिया पक्राउ



**काठमाडौं,** जेठ ८/कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई प्रहरीले नियन्त्रणमा लिएको छ । सिरोहियालाई थापाथलीस्थित मुख्यालयबाटै नियन्त्रणमा लिइएको हो ।

नागरिकताको विषयलाई लिएर जिल्ला अदालत धनुषाले पक्राउ पूर्जी जारी गरेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । अपराध अनुसन्धान कार्यालयका एसएसपी सानुराम भट्टराई नेतृत्वको टोली थापाथलीस्थित कान्तिपुर मुख्यालयमा पुगेर अध्यक्ष सिरोहियालाई नियन्त्रणमा लिएको छ । प्रहरीले उनको कार्यकक्षबाटै नियन्त्रणमा लिएको हो । पक्रेर लैजाँदै गर्दा उनका समर्थकहरूले गृहमन्त्री र प्रहरीको कार्यशैलीको विरोध गर्दै नाराबाजी गरेका थिए । कान्तिपुर मुख्यालयमा पुगेर अध्यक्ष सिरोहियालाई पक्राउ गर्नु प्रेस स्वतन्त्रताविपरीत भएको सरोकारवाला पक्षहरूले बताएका छन् ।

## आज जैविक विविधता दिवस मनाइँदै

**पाल्पा,** जेठ ८/अन्तर्राष्ट्रिय जैविक विविधता दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । जैविक विविधताका मुद्दाप्रतिको बुझाइ र सचेतना वृद्धि गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको आह्वानमा हरेक वर्ष मे २२ तारिखमा यो दिवस मनाउने गरिएको हो ।

जमिन तथा पानीको सतहमा रहने प्राणी तथा वनस्पति एवं सूक्ष्म जीवको जीवनचक्रसहित वातावरणीय पक्षलाई समेत केन्द्रमा राखेर विश्वभर चेतनामूलक कार्यक्रम हुने गरेको छ । दिवसको अवसरमा नेपालले पनि विभिन्न चेतनामुलक कार्यक्रमको आयोजना समेत गरेको छ । देशहरूले जैविक विविधता प्रतिका अनेक सम्झौताहरू र सम्धीहरू अनुमोदन गरे पनि कदमहरूमा खासै परिवर्तन नदेखिएका कारण यस वर्षदेखि राष्ट्र र राष्ट्र प्रमुखहरूलाई जैविक विविधताप्रति थप जुझारु हुन आग्रह गरिएको हो । सन् १९९२ मे २२ मा ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धी अगाडि बढाउने निर्णय गरेको थियो ।

त्यसपछि सन् १९९४ देखि मे २२ का दिन जैविक विविधता दिवस मनाउने अभ्यास थालियो । जेनेरियो सम्मेलनको निर्णयलाई सन् २००० डिसेम्बर २२ मा बसेको संयुक्त राष्ट्र संघको महासभा बैठकको निर्णय नम्बर ५५ र २०१ ले थप अङ्गीकार गऱ्यो र प्रत्येक वर्ष २२ मे लाई अन्तर्राष्ट्रिय जैविक विविधता दिवसका रुपमा मनाउने घोषणा भएको हो । कानुनत: नेपालमा जैविक विविधतालाई वातावरण संरक्षण ऐन २०५३ अनुसार व्याख्या गरिँदै जैविक विविधता भन्नाले पारिस्थितिक प्रणाली, प्रजातीय प्रणाली र वंशाणुगत प्रणालीको विविधता भन्ने बुझिन्छ ।

## एमाले पाल्पाको १० औं जिल्ला अधिवेशनको तयारी अन्तिम चरणमा

### अध्यक्षमा पोखरेल र घर्तीको चर्चा

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ ८/ नेकपा एमाले पाल्पाको १० औं जिल्ला अधिवेशनको तयारी अन्तिम चरणमा पुगेको छ । तयारीका लागि जिल्लाका नेताहरु आ-आफ्नो जिम्मेवारी अनुसारको काममा खटिएका छन् । एमाले पाल्पाको १० औं अधिवेशन यही जेठ ११ र १२ गते तानसेनमा हुँदै छ । पार्टी अध्यक्ष धनेन्द्रराज घिमिरेको संयोजकत्वमा ५ सय ७५ जना सदस्य रहेको मूल व्यवस्थापन समिति गठन गरी अन्तिम तयारीको काम भईरहेको एमाले पाल्पाले जनाएको छ ।

१० औं अधिवेशनको लागि पार्टी अध्यक्ष घिमिरेको संयोजकत्वमा निवर्तमान अध्यक्ष नारायण प्रसाद आचार्यसहित ४ सदस्यीय प्रतिवेदन निर्माण उप-समिति, उपाध्यक्ष देवीलाल





लामिछानेको संयोजकत्वमा आर्थिक उप-समिति, सचिव रामजी पोखरेलको संयोजकत्वमा प्रतिनिधी व्यवस्थापन उप-समिति, तानसेन नगर कमिटीको संयोजकत्वमा अतिथि सत्कार तथा मञ्च व्यवस्थापन समिति, उपाध्यक्ष लामिछानेको संयोजकत्वमा ११ सदस्यीय आवास तथा भोजन व्यवस्थापन उप-समिति, जिल्ला कमिटी सदस्य रामलाल श्रेष्ठको संयोजकत्वमा स्वास्थ्य सेवा उप-समिति, जिल्ला कमिटी सदस्य हुम गैरेको संयोजकत्वमा साँस्कृतिक उप-समितिहरुले आ-आफ्नो जिम्मेवारी अनुसार काम गरिरहेको एमाले पाल्पाले जनाएको छ । अधिवेशनको लागि जेठ ५ गते नै ८१ वटा वडा कमिटी, १० वटा पालिका, २० वटा भातृसंगठनबाट ४ सय ५० जना प्रतिनिधीहरु छनौट भएका छन् । छनौट भएका प्रतिनिधीहको ५ प्रतिशत जिल्ला कमिटीबाट मनोनय गर्ने कार्यक्रम रहेको छ । एमाले अधिवेशनको बन्दशत्रमा ४ सय ७२ जना प्रतिनिधीहरुले भाग लिने छन् ।

बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जैविक विविधता संरक्षण आवश्यक

पारिस्थितिक प्रणाली, त्यस भागका रूपमारहेका जीवर वनस्पतिको सम्बन्ध तथा विविधतालाई नै जैविक विविधता भन्ने गरिन्छ । आकाशीय, स्थलीय, जलीय, सामुद्रिकर अन्य क्षेत्रमा रहेका जीवजन्तुहरूको पारिस्थितिक प्रणालीमा विविधता रहन्छ । जैविक विविधताले प्राणी, वनस्पति तथा सूक्ष्म जीवात्माको जातीय–प्रजातीय विविधता, आनुवांशिक विविधता तथा पारिस्थितिक प्रणालीको विविधता समेतलाई जनाउँछ ।

जैविक विविधता महासन्धि, १९९२ ले पृथ्वीको जल, स्थलर आकाशमा आफ्नो जीवनयापन गर्ने सम्पूर्ण जीवजन्तु, वनस्पति र मानवबीचको सहअस्तित्व तथा अन्तर सम्बन्धमा रहेको विविधता जैविक विविधता भनेको छ । यो भौगोलिक तथा पारिस्थितिकीय विविधताको उपज स्वरूप सिर्जित प्रजातिगत तथा आनुवांशिक विविधता हो । यसले पृथ्वीमा भएको सूक्ष्म तथा स्थूल जीव तथा वनस्पतिको समष्टी रूपलाई जनाउँछर जैविक विविधतालाई अणु वा अनुवंशको सूक्ष्मतम तहदेखि बृहत् पारिस्थितिक तहसम्म अध्ययन गर्न सकिन्छ । तर पछिल्लो समय मानववस्तीको विकाससँगसँगै जैविक विविधता समेत हराउने अवस्थामा छ । जनसंख्या वृद्धिका कारण प्राकृतिक स्रोतको अत्यधिक दोहन तथा बासस्थानको विनास अनि बढ्दै गएको जलवायु परिवर्तनर विश्व उष्णीकरणका कारण जैविक विविधता संकटमा छ । संकटमा पर्दै गएको जैविक विविधताको रक्षाको लागि अन्तराष्ट्रिय स्तरमा अभियान सञ्चालन गर्ने ध्ययले हरेक वर्ष मे २२ तारिख अर्थात् आजकै दिन जैविक विविधता दिवस मनाउने गरिन्छ । हरेक वर्ष यो कार्यक्रम मनाउने गरिए पनि जैविक विविधताको संरक्षण भने हुन सकेको छैन । यो विडम्बनाको कुरा हो ।

मानवीय क्रियाकलापका कारण पृथ्वीबाट कैयन जीवजन्तुका वंश नै समाप्त भैसकेका छन् भने कुनै अति नै संकटापन्न अवस्थामा पुगिसकेको सन्दर्भमा भावी संकट टार्नको लागि मानव समुदायले जैविक विविधता रक्षामा कदम चाल्नु अपरिहार्य बनिसकेको छ । जैविक विविधता संरक्षणका कार्यलाई सिमसार संरक्षण, वन व्यवस्थापन र दिगो अर्गानिक कृषिसँग जोडेर एकीकृत गरेर लैजानुपर्छ । जैविक विविधता संरक्षण र प्रयोग सम्बन्धि समाजमा अनेकौरैथाने ज्ञानर सिप छरिएररहेका छन्, यस्ता ज्ञानर सीपको संकलन, प्रचार र व्यवहारिक रुपमा लागु गर्ने काम गर्नुपर्छ ।रासायनिक विषादीले जैविक विविधताको संरक्षणमा ठूलो चुनौती थपेको छ, त्यसैले यसको उत्पादन, आयात, विक्रीर प्रयोगमा कडाई गर्नुपर्छ । डढेलोरोकथाम, जडिबुटी र अन्य वनस्पतिको व्यवस्थित संकलन, जैविक करिडोर निर्माण, शहरी हरियाली वृद्धि जस्ता कार्यहरुलाई जैविक विविधता संरक्षणको अभिन्न अंगको रुपमा सञ्चालन गर्नुपर्छ । तिनै तहका सरकारर संरक्षणमा संलग्न निकायहरु यी कुराहरु समयमै बुझेर जैविक विविधताको संरक्षणमा लाग्न जरुरी देखिन्छ ।

### Opinion @ Social Network

झुटका हतियारहरु जतिनै धारीला भएपनि,
यथार्थलाई कहिल्य कसैले टुक्राउनसक्दैंन ।


*(सिर्जना पौडेलको फेसबुकस्टाटस https://www.facebook.com/Shreejanapaudel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आजको शिक्षाले दिमागी काम



रमेशप्रसाद गौतम

*प्रविधिको विकासलाई हेर्दा विकसित र अविकसित बालबालिकाको सिकाइमा ठूलो फरक देखिन्छ । यो समस्या विश्वव्यापी नै चुनौतीका रूपमा छ । नेपालले गम्भीरतापूर्वक नियाल्नु जरुरी छ । कतिपय निजी स्रोतका विद्यालय गुणस्तरीय शिक्षाका नाममा पुस्तकका भोलम बढाएर केटाकेटीको काँधमा बोझ थोपर्ने काम गरिरहेका छन् भने अर्कातर्फ अव्यावहारिक एकोहोरो र पढाइभन्दा बाहिर केही नजान्ने जनशक्ति उत्पादन गरिरहेका छन् । पाठ्यपुस्तकमा भएका कुरा सर्वकालीन र सधा उपयोगी नहुन सक्दछन् । यसर्थ पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्नेगरी शिक्षकले समसामयिकतामा जोड दिई वर्तमान चुनौती र समाधनमा बल पुऱ्याउन सक्नुपर्छ । परीक्षाका लागि घोकाइको आधारमा परीक्षामा उत्तीर्ण गराएका हुन्छन् । पछि व्यवहारमा उसले सिकेका ज्ञान सीप असान्दर्भिक बन्न सक्दछन् । खालि एकहोरो शिक्षण विधिमात्र अपनाएर विद्यार्थीलाई विषयको जानकारी गराउनुभन्दा बोझ थपिदिएझैं भएको छ । सबै तहमा किताब बेस्सरी बोकाइदिइरहेका छौं अनि बेस्सरी घोकाइरहेर कहाँ व्यावहारिक ज्ञान पढायौं त ? त्यसको प्रतिफल के आयो त ? दोष विद्यार्थीलाई कि सिकाइ प्रणालीलाई यी यावत् पक्षको मनन् गर्नु जरुरी छ । आज पढाइने पुस्तकका विषय कुन कालखण्डमा लेखिएका होलान्, अहिले ती घटना परिस्थिति बदलिएका हुन सक्छन् । ती पुस्तक अपडेट गराउँदै लगेमात्र विद्यार्थीको दक्षता वृद्धिमा बल पुग्दछ । यी सबै घटनालाई नयाँ ढंगले नयाँ परिवेशमा शिक्षकले सिकाउन सक्नुपर्दछ । आजको दुनियाँले यसलाई सामना गर्न सक्नुपर्दछ ।*

नेपालको शिक्षा प्रणाली अव्यस्थित ढंगले चलिरहेको छैन । यसको आधार कमजोर छ । हालको शिक्षाले उत्पादित जनशक्ति कामको खोजीमा भौंतारिरहेको छ । देशभरका दिक्षित हुनेहरूमध्ये झण्डै ९३ प्रतिशतले साधारण शिक्षा हासिल गरेका छन् । प्राविधिक शिक्षातर्फ न्यून प्रतिशत छ । साधारण शिक्षा हासिल गरेकाले रोजगार पाउँदैनन् र यस किसिमको शिक्षाले स्वरोजगारको स्थिति सिर्जना गर्न सक्दैन । देशको सरकारी तथ्यांक अनुसार उच्च शिक्षामा १७ प्रतिशत भन्दा बढी देखिँदैन । त्यसमा पनि यिनले रोजगार पाउन सक्दैनन् भने शिक्षाको प्रयोजन के नै देखियो र ? मूलत: शिक्षाको जरोदेखि नै कमजोर हुँदै आएपछि सरकारले यति लगानी छ उति लगानी छ भन्दैमा गुणस्तरीय शिक्षा हुने होइन । सार्वजनिक शिक्षाको स्तर खस्कँदो छ भने निजी क्षेत्र व्यापारिक छ । अनि कुन चाहिँलाई राम्रो भन्ने ? बहुसंख्यक नेपालीको आर्थिक अवस्था डामाडोल छ । तिनको पहुँच निजी शिक्षामा पुग्न सक्दैन । शैक्षिक सत्रको आरम्भमा कतिपय सरकारी विद्यालयले भर्ना संख्या बढी भएको देखाउन नक्कली तथ्यांकसमेत देखाउने गरेको सुन्नमा आउँछन् । बीचमा विद्यालय छाड्नेको संख्या त्यत्तिकै भेटिन्छ । कक्षा एकमा भर्ना भएका संख्या १० कक्षासम्म पुग्दा ५० प्रतिशत भन्दा कम हुन पुग्दछ । उच्च शिक्षासम्म पुग्दा न्यूनमात्र पुग्दछन् । सार्वजनिक शिक्षामा बढी लगानी भएको छ भन्ने चर्चा गरिए तापनि त्यो अपर्याप्त छ । सार्वजनिक शिक्षामा अझ तल्लो तहको शिक्षामा झनै कम लगानी पुगी छ । यस तहमा झण्डै ७० प्रतिशत बालबालिका प्राथमिक तहको आधारभूत सीपबाट विमुख छन् । जम्मा आठ प्रतिशत विद्यार्थीले मात्रै माध्यामिक तहको आधारभूत सीप सिकेको अनुमान गरिन्छ । विकसित देशहरूमा ७० प्रतिशत विद्यार्थीले आधारभूत माध्यामिक तहको सीप सिकेका हुन्छन् । प्रविधिको विकासलाई हेर्दा विकसित र अविकसित बालबालिकाको सिकाइमा ठूलो फरक देखिन्छ । यो समस्या विश्वव्यापी नै चुनौतीका रूपमा छ । नेपालले गम्भीरतापूर्वक नियाल्नु जरुरी छ । कतिपय निजी स्रोतका विद्यालय गुणस्तरीय शिक्षाका नाममा पुस्तकका भोलम बढाएर केटाकेटीको काँधमा बोझ थोपर्ने काम गरिरहेका छन् भने अर्कातर्फ अव्यावहारिक एकोहोरो र पढाइभन्दा बाहिर केही नजान्ने जनशक्ति उत्पादन गरिरहेका छन् । पाठ्यपुस्तकमा भएका कुरा सर्वकालीन र सधा उपयोगी नहुन सक्दछन् । यसर्थ पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्नेगरी शिक्षकले समसामयिकतामा जोड दिई वर्तमान चुनौती र समाधनमा बल पुऱ्याउन सक्नुपर्छ । परीक्षाका लागि घोकाइको आधारमा परीक्षामा उत्तीर्ण गराएका हुन्छन् । पछि व्यवहारमा उसले सिकेका ज्ञान सीप असान्दर्भिक बन्न सक्दछन् । खालि एकहोरो शिक्षण विधिमात्र अपनाएर विद्यार्थीलाई विषयको जानकारी गराउनुभन्दा बोझ थपिदिएझैं भएको छ । सबै तहमा किताब बेस्सरी बोकाइदिइरहेका छौं अनि बेस्सरी घोकाइरहेर कहाँ व्यावहारिक ज्ञान पढायौं त ? त्यसको प्रतिफल के आयो त ? दोष विद्यार्थीलाई कि सिकाइ प्रणालीलाई यी यावत् पक्षको मनन् गर्नु जरुरी छ । आज पढाइने पुस्तकका विषय कुन कालखण्डमा लेखिएका होलान्, अहिले ती घटना परिस्थिति बदलिएका हुन सक्छन् । ती पुस्तक अपडेट गराउँदै लगेमात्र विद्यार्थीको दक्षता वृद्धिमा बल पुग्दछ । यी सबै घटनालाई नयाँ ढंगले नयाँ परिवेशमा शिक्षकले सिकाउन सक्नुपर्दछ । आजको दुनियाँले यसलाई सामना गर्न सक्नुपर्दछ । आज ज्ञान पुँजीको प्रभाव बढ्न थालेसँगै अध्ययन अनुसन्धानमा विकसित देशहरूले व्यापक विस्तार गर्दै आएका छन् । विकासोन्मुख मुलुकका जनशक्ति उपयोग गरी नयाँ, ज्ञान र प्रविधि विकास गरिरहेका छन् । विश्वमा कम्प्युटर, स्मार्ट फोनको प्रयोग बढेसँगै र गुगलएप्पलजस्ता ठूला डेटा सेन्टरमा भर पर्न थालेपश्चात मानिसको दिमाग प्रयोगको कम हुँदै जान थालेको छ । यसले गर्दा मानिसको दिमागी क्रियाशीलतामा कमी हुनुका साथै ह्रासोन्मुख होला भन्ने त्रास उत्पन्न गराउँदैछ । सबै जिज्ञासा र प्रश्नको उत्तर गुगलले दिने भएपछि मानिसको दिमागी काम घट्दै जान थालेको छ । शिक्षकले कक्षा कोठामा सिकाएका कुरा ठीक हन् कि होइनन् भनी विद्यार्थीले घरमा आएर गुगललाई सोध्न सक्छन् । यसरी सूचना र ज्ञान भण्डारन भएर रहने भएपछि ज्ञान निर्माणको प्रक्रिया किन चाहियो ? हाम्राजस्ता मुलुकको ब्रेन ड्रेनको डरबाट अबभोलि ब्रेन लुप्त हुने खतरा आउने भय बढ्दैछ । नेपालको ब्रेन ड्रेनको चर्को अवस्था छ । केटाकेटी अमेरिका, अष्ट्रेलिया, भारत, चीन, बेलायत, क्यानाडा, जापान, न्युजिल्याण्ड आदि देशमा अध्ययन गर्न ठूलो संख्यामा गइरहेका छन् । विदेशिनु देशका लागि राम्रो होइन । यस्ता विषयमा राज्यको गम्भीर ध्यान जानु जरुरी छ । विद्यार्थीले करोडौं रुपैयाँ विदेश लगिरहेका छन् । यस सम्बन्धमा अध्ययन र विश्लेषण गरी आवश्यक सुधारतर्फ लाग्नु मनासिव हुन्छ । आजको विश्व बजारमा जो जहाँ गएर पनि पढ्न सक्दछ । कहिँ कसैको रोकतोक हुनुहुँदैन । हुन सक्छ नेपालमा चाहे अनुसारको विषय र न्यूनतम गुणस्तरको प्रत्याभूति नभएर नै बाहिर गएका हुन सक्छन् । यसर्थ न्यूनतम स्तरको प्रत्याभूत किन भयो यस सम्बन्धमा सुधार र परिवर्तनको खाँचो छ । देशमा देखापरिरहेको दण्डहीनता, भष्ट्राचार र सुशासनको अभावले युवा वर्गमा निराशा र कुण्ठा देखापर्नुले पलायन हुने प्रवृत्तिको विकास हुँदैछ । राजनीतिक नेतृत्वमा शिक्षालाई सही ढंगले समयानुकूल बनाउन मुलुकका विदेशिएका नागरिकहरूलाई कसरी स्वदेश फर्काउने, तिनले सिकेका सीपबाट मुलुकले कसरी लाभ लिने भन्नेमा ध्यान जानु जरुरी छ । विदेशमा सीप र शिक्षा सिकेका दक्षता फर्केर नेपालमा काम गर्ने वातावरण कसरी बनाउने भन्नेतिर सरकार व्यवस्थित ढंगले लाग्नुपर्दछ । देशलाई चाहिने जनशक्ति के कति चाहिन्छ त्यसमा देशबाहिर अध्ययन गरेका जनशक्ति कति छन् यकिन आकडा हुनु जरुरी छ । मानिसको जीवन यापनका लागि स्तरीय शिक्षा, स्वास्थ्य र बासस्थानको खाँचो पर्दछ । प्राय: देशले आफ्नो संविधान वा कानुन बनाउँदा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्ने गर्दछन् । देशको उद्योगधन्दा, बन्दव्यापार उत्पादनमूलक कार्यदेखि विकास निर्माणमा समेत शिक्षाको प्रभाव परेको हुन्छ । चाहिएका ठाउँमा शिक्षाको स्रोत नपुगेका गुनासा धेरै छन् भने नचाहिएको ठाउँमा स्रोत थुपार्ने गरिन्छ । शिक्षक दरबन्दीमा पनि यही कुरा लागू हुन्छ जहाँ विद्यार्थी थुप्रै छन् त्यहाँ शिक्षक अपुग हुन्छन् र जहाँ विद्यार्थी कम हुन्छन् त्यहाँ बढी शिक्षक थुपारिएका छन् । विद्यार्थी अनुपातमा शिक्षक मिलान कार्य वर्षौंदेखि निष्क्रिय छ । राजनीतिक दलका नेताले नियामक निकायलाई आफ्नो अनकूल नियम मिच्ने दबाब दिन्छन् । विद्यालय राम्रो भएमात्र विद्यार्थीको भविष्य राम्रो हुने हो । विद्यालयसँग अभिभावकको सपना, राज्यको लगानी र योग्य शिक्षकको मिहिनेत जोडिएको हुन्छ । त्यहाँ बालबालिकाको भविष्य उज्ज्वल हुन्छ र अभिभावकको सपना पूरा हुन्छ । विद्यालय राम्रो हुन सरकारी नीति राम्रो हुनुपऱ्यो, अभिभावक सचेत हुनुपऱ्यो, शिक्षक कुशल र योग्य बन्नुपऱ्यो । शिक्षामा सुधार ल्याउने उद्देश्यले ल्याउन लागेको शिक्षा ऐन संशोधनको संघारमा छ । संशोधनका लागि विगतदेखि प्रयत्न हुँदै आएको छ । तथापि अहिलेकै अवस्थामा विधेयक प्रस्तुत नगरेको चाहिँ होइन, प्रस्तुत गर्न लाग्दा साँच्चै घनीभूत रूपमा शिक्षक आन्दोलन चर्कियो । शिक्षकहरूले प्रस्तुत विधेयकमा आफ्ना माग राख्न दबाब दिए । शिक्षकका पेशागत मागमा नियुक्तिदेखि सरुवा, बढुवा, मानसम्मान, निवृत्तिभरणसम्मका विषय थिए । शिक्षकका माग पेशागत भएकाले सरकारले ती पूरा गर्नुमा श्रेयस्कर छ ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रास बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रास भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रास पाल्पा ०७५-५२०६००
रेडक्रास तौलिहवा ०७६-५६००१५
रेडक्रास अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रास गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रास देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएका काम पूरा हुन सक्छ । धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ । | **तुला**: अनावश्यक धन खर्च हुनेछ । साँझमा शुभ समाचार भने मिल्नेछ । |
| **वृष** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । | **वृश्चिक** : चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । साथीभाइसँग समय बित्नेछ । |
| **मिथुन** : स्वास्थ्यको चिन्ता बढ्नेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ । | **धनु** :अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन हुनेछ । |
| **कर्कट** : लगनशीलताले अवसर दिलाउनेछ । नयाँ कार्य सम्पन्न हुनेछ । | **मकर** : रमाइलो सफल यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । |
| **सिंह** : रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **कुम्भ** : शुभ कार्यमा सरिक भइनेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ । |
| **कन्या** : भोजनको विशेष अवसर मिल्ने छ । सवारी साधन खरिद गर्ने योग छ । | **मीन** : चिताएको कामले तीव्रता लिने छ । कलासाहित्यमा रुचि बढ्नेछ । |

## कला मनोरञ्जन

# 'पुजार सार्कीमा अभिनय क्षमता प्रमाणित गरेकी छु'



अभिनेत्री अञ्जना बराइलीको पहिलो फिल्म हो 'महापुरुष'। अडिसनमार्फत छानिएकी उनले अर्को फिल्म 'पुजार सार्की'को लागि भने अडिसन नै दिनुपऱ्यो । यो अडिसन भने 'क्यारेक्टर अडिसन' थियो । त्यसो त निर्देशक दिनेश राउतका हरेक फिल्ममा स्थापित कलाकारले पनि क्यारेक्टर अडिसन दिने गर्छन् । जल्दोबल्दो उदाहरण 'प्रकाश'को लागि अभिनेता प्रदीप खड्काले दिएको अडिसन हो । चर्चित गीत 'घुमी घुमी'मा अञ्जनाले गरेको अभिनय हेरेर निर्देशक राउतले 'पुजार सार्की'मा उनलाई कास्ट गर्ने सोच बनाएर कुरा अघि बढाएका थिए । 'निर्देशकज्यूले कथा सुनाउने बित्तिकै यो फिल्म वास्तविकतामा आधारित भएकाले मैयाँको चरित्र मैले गर्न पाए हुन्थ्यो जस्तो लाग्यो' उनले भनिन् । त्यसपछि अञ्जनाले क्यारेक्टर डिजाइन अनुसार मैयाँ पात्रका लागि अडिसन दिइन् । अभिनयसँगै लुक टेस्टको पनि कुरा आएपछि उनले दुई पटक लुक टेस्ट दिइन् । 'महापुरुषमा पनि अडिसन दिएकाले अडिसन दिन मलाई गाह्रो भएन । तर पहिलो लुक टेस्टमा क्यारेक्टरको टोन बढी डार्क भएको भन्ने कुरा आएपछि दोस्रो पटक लुक टेस्टमा पास भएपछि फिल्ममा जोडिएँ' अञ्जनाले सम्झिइन् । 'पुजार सार्की'मा जोडिनु अघि नै उनले कौसी थिएटरमा एक महिनाको अभिनय कक्षा लिइसकेकी थिइन् । डेढ महिनाको कक्षा भए पनि 'पुजार सार्की'को वर्कसप सुरु भएकाले उनले एक महिनाको मात्र अभिनय कक्षा लिइन् । यो फिल्ममा अञ्जनाको जोडीको रूपमा आर्यन सिग्देल छन् । आर्यन उनको सानै देखिको 'क्रस' हुन् । अफ्नै 'क्रस'सँग अनस्क्रिनमा जोडिन पाउँदा उनलाई उत्तिकै डर भएको थियो । 'मैले धेरै फिल्ममा काम गरेको छैन । त्यसमाथि यो फरक विधाको मजबुत विषय भइसकेपछि आफ्नो चरित्रलाई अझ मजबुत कसरी बनाउने भन्ने डर हुन्छ' भन्छिन्, 'आर्यन दाइले 'तिमीलाई मसँग अभिनय गर्दा गाह्रो भइरहेको छ भने भन्नुभन्दा मलाई थप ऊर्जा प्राप्त हुन्थ्यो । मैले धेरै पटक रिटेक खाँदा पनि उहाँ कहिल्यै रिसाउनुभएन । 'यस्तै हुन्छ' भनेर ढाडस दिनुहुन्थ्यो । सिनियर स्टार यति सरल हुन्छन् होला भन्ने कल्पना समेत थिएन' उनले भनिन् । फिल्ममा उनले कथित सार्की समुदायको पात्रको रोल गरेकी छन् । उनको पात्र समाजले ठूलो जात भन्ने गरेको अर्थात् ब्राम्हणको छोरासँग प्रेममा परेकी हुन्छिन् तर, समाजले भने सम्बन्ध स्वीकार गर्न गाह्रो मान्छ । 'त्यो सम्बन्धलाई दिगो सम्बन्धमा परिणत गर्ने बेलासम्म के कति बाधा अड्चन आउँछन् र के कति संघर्ष गर्नुपर्छ भन्ने कुरा मेरो चरित्रले देखाउँछ । म समाजबाट दबिएको पीडित, त्यसमाथि पूजारसँगको सम्बन्धका कारण समाजले बहिस्कार गरेपछि झन् पीडित चरित्रमा छु' आफ्नो भूमिकाबारे उनले भनिन् । अञ्जनालाई वर्कसपको बेला स्क्रिप्ट पढेदेखि नै आफ्नो चरित्र किन यसरी दबिएको भन्ने चिन्ता परेको थियो । त्यही भएर उनले लेखक विकास सुवेदीलाई बारम्बार यही प्रश्न गरिरहन्थिन् । फिल्मको चरित्र भन्दा पनि अञ्जना भएर हेर्दा उनलाई 'मलाई किन यस्तो भूमिका दिइयो ?' भन्ने मनमा लाग्थ्यो, हल्का रिस पनि उठेको थियो । अञ्जनाले यो फिल्ममा काम गर्नुभन्दा अघि जातीय विभेदका घटनाबारे नसुनेकी भने होइनन् । तर, किन यस्ता घटना हुन्छन् भन्ने कुरा स्क्रिप्ट पढेपछि र वर्कसपमा बसेपछि मात्र थाहा पाइन् । 'स्क्रिप्ट पढ्दै जाँदा र स्क्रिप्ट अनुसार दृश्य बनाइरहँदा यहाँ पुगेर यतिको हिंसा हुने रहेछ भन्ने थाहा पाएँ । स्क्रिप्टले यो सबै सहजै बुझाउँथ्यो । स्क्रिप्ट पढिसक्दा यहाँ हिंसाको अवस्था यसरी हुँदो रहेछ भन्ने थाहा भयो' उनले भनिन् । 'महापुरुष' हेरेका दर्शकले आफूलाई 'पुजार सार्की'मा अझ बढी माया गर्नेमा अञ्जना ढुक्क छिन् । 'अञ्जनाले अवसर पाइन् भने काम गरेर देखाउँछिन् भन्ने कुरालाई मैले 'पुजार सार्की'मा प्रमाणित गरेकी छु । मेरो हकमा महापुरुष र पुजार सार्कीको मेरो पात्र फरक पात्र हुन् । फरक परिवेश, फरक चरित्रका कारण पनि दर्शकले मलाई माया गर्नुहुनेछ भन्नेमा विश्वस्त छु' उनी भन्छिन् । बिहीबार रिलिज हुने फिल्म 'पुजार सार्की'मा प्रदीप खड्का, पल शाह, परीक्षा लिम्बु लगायतको पनि प्रमुख अभिनय छ । सुवास भुसालले यो फिल्म निर्माण गरेका हुन् । *-अनलाइन अबर डटकम*

# वृद्ध बनेका पलको प्रहरीसँग मुठभेडको रहस्य के हो ?



चकलेटी अभिनेताको रुपमा चिनिएका पल शाह प्राय: फिल्ममा सुकिलोमुकिलो पात्रर हिरोइनको वरि परि घुम्ने चरित्रमा देखिन्छन् । यसैले उनको छवि लभर ब्वाईको रुपमा बनेको छ । चरित्रमा विविधता पस्किन नसकेको आरोप खेपिरहेका उनलाई फिल्म 'पूजार सार्की'ले भने नयाँ पहिचान दिलाउन सक्ने देखिन्छ । किनकि, यसमा उनले करिअरमै पहिलोपटक फरक चरित्रमा निभाएका छन् । फिल्ममा उनी जातीय विभेदविरुद्ध संघर्ष गर्ने चरित्रमा छन् । सार्वजनिक भइसकेका टिजरर ट्रेलर हेर्दा उनको चरित्र विद्रोही स्वभावको देखिन्छ ।

बन्दुक भरेका उनको लुक्सर गेटअप ९० दशकको छ । उनको लुक्सले फिल्मप्रति नै दर्शकको चासोर कौतुहलता बढाइरहँदा मंगलबार सार्वजनिक दुईवटा तस्वीरले धेरैलाई 'सरप्राइज' बनाएको छ । उक्त तस्वीर मा उनी वृद्ध लुक्समा प्रस्तुत छन् । पलले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको तस्वीरमा उनको कपालर दाह्री सेत्तै फुलेको छ । आँखामा चश्मा छ । शिरमा ढाका टोपीर स्टकोट लगाएका उनलाई केही प्रहरीले समातेका छन् ।र, प्रहरीसँग उनको ठेलमठेल चलिरहेको छ । यो कुनै आन्दोदनको दृश्य देखिन्छ । टिजर र ट्रेलरमा युवा अवस्थामा देखिएका उनलाई फिल्ममा वृद्ध अवस्थामा पनि देख्न सकिने यो तस्वीरले बुझाउँछ । पलले प्रहरीसँग मुठभेडको तस्वीर सार्वजनिक गर्दै लेखेका छन्, 'मेरो करिअरमा महत्त्वपूर्ण फिल्म' पूजार सार्की 'सावित हुनेमा ढुक्क छु । आज मैले फिल्ममा मेरो अभिनयबाट यो तस्वीर सार्वजनिक गरेको छु । यसबाट तपाईंले मेरो भूमिका कति गहनर अर्थपूर्ण छ भनेर अनुमान लगाउनु हुनेछ । यसअघि पनि तपाईंले मेरो चरित्र चित्रण हुने तस्वीरलाई लिएर देखाउनुभएको प्रेम अतुलनीय छ ।' यही बिहीबार अर्थात् बुद्ध जयन्तीबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा पलका साथै आर्यन सिग्देल, प्रदीप खड्का, अञ्जना बराइलीर परीक्षा लिम्बू पनि मुख्य भूमिकामा छन् । दिनेशराउतको निर्देशन तथा विकास सुवेदीको लेखनरहेको फिल्मलाई संगीतकार समेतरहेका सुभाष भुसालले निर्माण गरेका हुन् । सोमबारबाट फिलमको मल्टीप्लेक्सहरुमा बुकिङ खुलिसकेको छ ।

*-फिल्मी खबर डटकम*

# जब दयाहाङले आफ्नो कमजोरी थाहा पाए



दयाहाङ राई, विपीन कार्की र सौगात मल्ल पछिल्लो दशकमा अभिनयमा अब्बल कहलिएका नाम हुन् । उनीहरूको ठूलाफ्यान फलोइङ छ । त्यही अनुसार सिनेमामा काम गरिरहेका छन् । दर्शक र फिल्ममेकरबाट पनि त्यस्तै इज्जत पाइरहेका छन् । ठिक यही समय निर्देशक नवीन सुब्बा भने चलचित्र उद्योगमा फुट्ट एक्लै उभिन्छन् र भनिरहन्छन् थिएटरबाट आएका अभिनेताले नेपाली चलचित्रको अभिनय नै बिगारे । यति मात्र पनि होइन, उनले नामै लिएर भनिरहे- दयाहाङ, सौगात र विपीनजस्ता कलाकारले गर्दा नेपाली चलचित्रको अभिनय बिग्रियो । नवीनको यो टिप्पणी स्वयं दयाहाङले पनि सुनिरहेका थिए । पढिरहेका थिए । हेरिरहेका थिए । आफ्नो नाम नै लिएर नवीनले गरेको टिप्पणी उनले थुप्रैपटक पढिसकेका थिए । 'स्वाभाविक पनि थियो, म धेरै काम गरिरहेको थिएँ । त्यसैले पनि नवीन दाइलाई उदाहरण दिन मेरो नाम सजिलो पनि भइरहेको थियो,' दयाहाङ नवीनले आफूमाथि गरेको टिप्पणप्रति प्रतिक्रिया दिन्छन् । दयाहाङ नाटकको बाटो हुँदै सिनेमाको भऱ्याङ चढेका अभिनेता हुन् । उनले थिएटर सिके । नाटक गरे । त्यसैले अभिनयमा नाटकको स्कुलिङ थियो । त्यो स्वाभाविक पनि थियो । 'थिएटरबाट त्यहाँको अभिनयबारे बुझेर चलचित्रमा आएँ । थिएटरको अभिनय जस्तो हुन्छ, त्यस्तै नाटकमा पनि गर्न थालेँ । जबकि, सिनेमाको अभिनय छुट्टै हुन्छ । यसमा यिनीहरू सिरियस भएनन् भन्ने उनको भनाइ थियो,' दयाहाङ भन्छन्, 'एकातिर धेरै काम गरेको हिसाबले पनि र अर्को, धेरै सिनेमामा मुख्य चरित्रमा देखिने भएकाले पनि होला, उहाँले दिने धेरै उदाहरणमा म नै परेँ ।' भलै, दयाहाङ स्वयंले यो रियलाइज गरिरहेको विषय थियो । तर, त्यसलाई घटाउने वा हटाउने कसरी कुनै उपाय थिएन । यसको ज्ञान र स्रोत पनि थिएन । भएको ज्ञानस्रोत पनि कमी हुँदै गएको उनले महसुस गरिरहेका थिए । कालान्तरमा एउटा यस्तो दिन आयो, नवीन स्वयं दयाहाङसँग काम गर्न ठोक्किए ।

नवीनले दयाहाङलाई आफ्नो चलचित्रमा काम गर्न आग्रह गरे । अफ्नाबारे टीकाटिप्पणी गरिरहने निर्देशकसँग काम गर्न पाउनु केही नयाँ कुरा सिक्न पाइन्छ कि भन्ने पनि हो । यो लोभले दयाहाङ नवीनसँग काम गर्न राजी भए । नवीनले दयाहाङलाई आफ्नो सिनेमामा अनुबन्ध गराउने भएपछि एउटा टिमलाई अभिनयमा दयाको कमजोरी र 'रिपिटेसन'बारे टिपोट नै गर्न लगाए । त्यो टिमले उनको कमजोरी पोइन्टआउट गरेर नवीनलाई बुझायो । नवीनले ३० मिनेटको भिडियो नै बनाएर दयाहाङलाई बोलाएर देखाए । 'मेरो कमजोरी अर्थात् रिपिटेसन कसरी भइरहेको रहेछ भनेर मेरा १५/२० वटा चलचित्र हेरेर त्यहाँबाट फुटेज निकालेर जोडेर भिडियो नै बनाउनुभएको रहेछ,' दयाहाङ भन्छन्, 'हामीले त्यो लामो भिडियो सँगै बसेर हेऱ्यौँ ।' भिडियो हेरेपछि दयाहाङले रियलाइज गरे, एउटा पूरै सिन एउटै मुडमा गर्दा रहेछन् । त्यो थिएटरको स्कुलिङको प्रभाव रहेछ । 'एउटै मुडमा अभिनय गर्दा को-एक्टरको मुड तथा क्यामेराको टाइमिङ नमिल्दा एकले अर्कोलाई रियाक्ट गर्दा म त्यहाँको चरित्रभन्दा पनि दयाहाङ राईका हिसाबले ट्याकल गर्दो रहेछु,' उनी भन्छन्, 'यसले मेरो एकै किसिमको आदत र बडिल्याङ्वेज आउँदो रहेछ ।' को-एक्टर, क्यामेराको मुड र टाइमिङ जेसुकै होस्, आफ्नो सिन एउटै मुडमा सकौँ भन्ने लोभले काम गरिरहेको उनले पहिचान गरे । रेस्पोन्स खोज्ने र दिने सन्दर्भमा एकैखालको आदत आफ्ना धेरै सिनेमामा देखिएको उनले थाहा पाए । 'म कसरी हिँड्छु, कसरी हात चलाउँछु, कसरी अरूलाई रियाक्ट गर्छु, कसरी हेर्छु, एक ठाउँबाट अर्को ठाउँमा कसरी जान्छु भनेर पोइन्टआउट गरिएको थियो,' दयाहाङ भन्छन्, 'थिएटरमा रिहर्सल गर्दागर्दा आदत हुन्छ । सिनेमामा धेरै रिहर्सल गर्दा मेकानिकल भइन्छ भनेर सामान्य ब्लकिङमा बसेर काम गरिरहेको थिएँ । त्यति गर्दा पनि कलाकार दयाहाङ राईले अभिनय गरिरहँदा पनि दयाहाङ राईको माइन्डले कन्ट्रोल गर्दा केही कुरा दोहोरिइरहेको रहेछ ।' नाटकमा एउटै इमोसनमा लामो सिनमा अभिनय गरिरहेका कलाकारले चलचित्रमा पनि त्यही गरे । नाटकमा एउटै इमोसनमा एउटा सिन सकिन्छ । सिनेमामा एउटै सिनमा एकपटक कट गरेपछि इमोसन होल्ड गरेर राखेर को-एक्टरको इमोसन र क्यामेराको टाइमिङ र एंगलसँगै रियाक्ट गर्नुपर्थ्यो । त्यो कमै मात्र भइरहेको थियो । आमनिर्देशकले यसो होइन, यस्तो गर्ने भनेनन् । कलाकारले पनि आफूले जाने बुझेको गर्दै गए । त्यही नै अभ्यास हुँदै गयो । नवीनले यस्तैयस्तै कुरा खुट्ट्याएका थिए । भइरहेको के रहेछ र के हुनुपर्थ्यो दयाहाङले बुझे । अब यो कमजोरीलाई नदोहोऱ्याउन के गर्ने ? यसका निम्ति उनले काम गर्नुपर्ने भयो । यसका लागि मान्छे नै अर्कै हुनुपर्ने भयो । अर्कै मान्छे कसरी हुने ? कसैलाई देखेको वा अब्जरवेसन 'अवलोकन' गरेको आधारमा चरित्रमा ढल्नुपर्थ्यो । सतही अब्जरवेसनले मात्र नपुग्ने भयो । त्यसपछि आफैँले भोग्नुको विकल्प थिएन । अक्सर अभिनेताले चरित्रमा रूपान्तरण हुन गर्ने प्रक्रिया पनि यही नै हो । दयाहाङ भोजपुरमा थिए । सिनेमाको छायांकन त्यहीँ थियो । उनले बाँस काट्न थाले । तामाबाँसको चोया काट्न थाले । डोको र चित्रा बुन्न थाले । 'आफैँ चोया काट्दा त्यसलाई कति माया गरिँदो रहेछ त्यो रिदममा फिल गर्न थालेँ,' दयाहाङ भन्छन्, 'वास्तविक जीवन भोगाइको अभ्यासले फरकपन देखायो । टिजरमा कलेटी परेका ओठ गलेर र धापिएर स्वाँस्वाँ गरेको स्वर वास्तविक जीवन आफैँ भोग्दा कस्तो हुन्छ भनेर फिल गरेको रिदमका कारण सम्भव भएको हो ।' आफ्नबारे टीकाटिप्पणी गर्ने निर्देशकसँग काम गर्दै थिए । कमजोरीको लामो भिडियो बनाएर देखाउने निर्देशकसँग साक्षात्कार गर्दै थिए । तर पनि दयाहाङलाई डर लागेन । भलै, यो अवसर र चुनौती दुवै हो भन्ने उनको मनमा हेक्का थियो । नवीनको क्षमता अभिनेताको आर्कलाई सजिलोसँग समात्ने हो । ब्रिफ गर्दा छर्लंग पारिदिने हो । 'मलाई के ढुक्क थियो भने मेरो अगाडि दाइ हुनुहुन्छ, म पात्रमा बाँच्ने कोसिस मात्रै गर्छु । कमजोरी सम्हाल्ने त दाइ हुनुहुन्छ भन्ने थियो, टछ दयाहाङ भन्छन्, 'त्यसैले उहाँसँग काम गर्ने निर्णय गर्दादेखि सेटमा कहिल्यै पनि प्रेसर फिल गरिनँ ।

अवसर र चुनौती दुवै हो । आफैँलाई पढ्ने मौका हो भनेर मात्र लिइरहेको थिएँ,' उनले आम र कुशल निर्देशकसँग काम गर्दाको भेद छुट्टयाए । भोलि यो सिनेमाको नतिजा के आउँछ त्यो त भविष्यकै गर्भमा छ । 'तर, यो जानराका सिनेमा र यस्ता पात्रमा कसरी काम गर्ने त्यसमा भने मैले छर्लंगै देखेर आएको छु,' उनी भन्छन्, 'यसरी गर्ने भनेर त म भन्न सक्तिनँ होला, तर काम गर्नचाहिँ सक्छु । कसैलाई पढाउनुपऱ्यो भने यो यो प्रोसेस हो भनेर भन्न सक्तिनँ, तर काम गर्न भने सक्छु ।' च्लचित्र 'गाउँ आएको बाटो' मा दयाहाङको स्थानीय एक गरिब पात्रको चरित्र थियो । जस्तो हो हुबहु त्यस्तै देखिनैपर्ने थियो । त्यसका निम्त एक हप्तादेखि आफूले पोट्रे गर्न लागेको पात्रले वास्तविक जीवनमा जे गर्छ, सकेजति त्यही गर्ने प्रयास गरिरहेका थिए । विपरीत साइडतिर खिइएको चप्पलले उनको खुट्टाको चाललाई एकरूपता दिन सहयोग गऱ्यो। चलचित्रमा बाँसका घना घिसार्ने सिन छ । बजेटका कारण पनि यसमा भीएफएक्स सम्भव थिएन । रियलमा घिसार्नुपर्ने थियो । थुप्रै सिन छ सिनेमामा बाँस घिसार्ने । 'कन्टिन्यु गरेको भए सात दिनको सिन थियो होला, तर अगाडिपछाडि भएकाले सुरुदेखि अन्तिमसम्मै यो सिनमा हामीले काम गऱ्यौँ,' दयाहाङ भन्छन् ।

पहिलो दिन बाँसको भारी घिसार्ने सिन थियो । प्रप्स डिजाइनरले भारी तयार पारेका थिए । दयाहाङले सोधे, 'यो भारी त अलिक धेरै नै भएन र ?' उनीहरूले भने, 'स्टार भएर मात्रै भएन नि, क्यारेक्टर फिल गर्न यत्तिको भारी त चाहियो नि '! 'मैले बोक्न सक्तिनँ भनेको होइन, तिमीहरूले म्यानेज गर्न सक्छौ कि सक्तैनौ भनेर भनेको हुँ ।' नवीन सुब्बाले गएर बोक्दै भने, 'गह्रुँगै छ, तर मैले सकेँ भने तिमीले पनि सक्छौ दया ।' एक्सन कट् सुरु भयो । दयाहाङ बाँसको भारी बोकेर हिँडे । क्यामेराले फलो गऱ्यो । तीनचारपटक नै रिटेक भयो । रिटेक हुनुको अर्थ जहाँबाट टेक लिन सुरु गर्ने हो, फेरि त्यहाँसम्म त्यो भारी फर्काएर ल्याउनुपर्ने त उनीहरूले नै थियो । सम्मसम्मै थियो । धेरैपटक यताउता गर्नुपरे पनि खासै समस्या भएन । बाँसकै भारी बोक्ने अर्को सट लिनु थियो, माथिदेखि निकै तलसम्म बोकेर झर्नुपर्ने । ओरालो भएकाले सजिलै भयो । हावा लाग्यो । क्यामेरा हल्लियो । क्यामेरा हल्लिएपछि दृश्य नै हल्लियो । फेरि बाँसको भारी बोकेर माथि लैजानुपऱ्यो । दयाहाङ त एक्टर भए, उनलाई निर्माणपक्षले टेकबाहिर भारी बोकाउने कुरा भएन । बोक्नुपर्ने त प्रप्स डिजाइन गर्नेलगायत व्यक्तिहरूले नै थियो । 'चारजना भएर माथि लिएर आए । फेरि पनि टेक मिलेन । अर्कोपटक टेक लिँदालिँदै बीचमै बादल आइलियो । फेरि उसैगरी बाँसको भारी माथि निकाल्नुपऱ्यो,' दयाहाङ भन्छन्, 'अनि, मैले भनेँ- अघि मैले यही भएर भनेको हो, अलिक बढी भएन र भनेर । तर, जे होस्, हामीले जोसले काम गरेका थियौँ ।' स्क्रिप्टको डिटेलिङलाई कसैले पनि छोडेन । सबै डिपार्टले इमानदार भएर काम गरेको उनी सम्झिन्छन् । तर, कहिलेकाहिँ इमानदारितासँगै कसरी उचित व्यवस्थापन गर्ने भन्ने पनि यो सिनेमाबाट सिकाइ भएको उनी सुनाउँछन् ।

*-बाह्रखरी डटकम*

# आज युगकविको सम्झना गरिँदै



**पाल्पा,** जेठ ८/ युगकवि सिद्धिचरण श्रेष्ठको ११३ औं जन्म जयन्ती आज मनाईंदै छ । विसं १९६९ साल जेठ ९ गते आजकै दिन ओखलढुङ्गामा उनको जन्म भएको थियो । उनको जन्म जयन्तीको अवसरमा श्रेष्ठको योगदान सम्झना गर्दै जन्म जयन्ती मनाउन लागिएको हो ।

विगतका वर्षमा जस्तै यस वर्ष पनि विविध साहित्यिक कार्यक्रम गरेर सिद्धिचरणको जन्म जयन्ती बनाउन लागिएको हो ।

युगकवि नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारका प्रवर्तक मानिन्छन् । उनी नेपाल भाषामा कविरत्नका रुपमा पनि चिनिन्थे । उनले आृनो जीवनको साढे छ दशक साहित्य साधनाका सन्दर्भमा फुटकर कविता, गीत, खण्डकाव्य, नाटक, पद्यनाटक, कथा, निबन्ध, समालोचना, यात्रा संस्मरणलगायत विधामा सफलतापूर्वक कलम चलाएका थिए । उनका 'मेरो प्यारो ओखलढुङ्गा', 'निर्झर', 'भीमसेन थापा', 'शबरी', 'जूनकीरी' लगायत मर्मस्पर्शी रचना सर्वाधिक चर्चामा छन् । उनीका कविता संग्रह 'मेरो प्रतिबिम्ब', 'कोपिला', 'कुहिरो र घाम' लगायत खण्डकाव्य 'उर्वशी', 'ज्यानमारा शैल', 'आँसु' लगायत कृति छन् । युगकविको २०४९ साल जेठ २२ गते निधन भएको थियो ।

# एमाले पाल्पाको...

...एमालेले शसोधित विधानमा आगामी अधिवेशनबाट नेतृत्वमा आउने आकाँक्षी राखेका व्यक्तिहरु वडा कमिटीबाटै प्रतिनिधी भएर आउनु पर्ने व्यवस्था गरेको छ ।

अधिवेशनको उद्घाटन शत्रमा पार्टी अध्यक्ष केपी शर्मा ओली आउने एमाले जिल्ला अध्यक्ष घिमिरेले बताए । १० औ अधिवेशनबाट पार्टी अध्यक्षको लागि वर्तमान सचिव रामजी पोखरेल र पूर्व पार्टी सचिव ओमबहादुर घर्तिमगर आ-आफ्नो तयारीमा जुटेका छन । दुबै उम्मेदवारहरुले आफ्नो जित सुनिश्चित रहेको भन्दै अधिवेशन प्रतिनिधीहरुसँग मतदानको लागि फोन तथा भेटघाटलाई तिब्र बनाएका छन् । पार्टीमा वर्तमान सचिवको जिम्मेवारी निर्वाह गर्दै आएका पोखरेलले संगठन चलाएको सचिवको हैसियले स्वभाविक रुपमा अध्यक्षमा सर्वसम्मत रुपमै आफुले पाउनु पर्ने बताए ।

सर्वसम्मत नभएपनि चुनावी प्रतिष्प्रर्धा हुँदा पनि युवादेखी दलित, जनजाति, महिला, पाका पुस्तासम्म सबैको रोजाईमा रामजी पोखरेल भएकाले अत्याधिक मत ल्याएर अध्यक्ष पदमा विजयी हुने अध्यक्षका उम्मेदवार पोखरेलले बताए । अध्यक्ष पदका अर्का उम्मेदवार घर्तीले लामो सयमसम्म पार्टी सचिव भएर काम गरेको, कार्यकर्ताहरुको समस्या तथा मनोभावना बुझेको ,सबैपक्षलाई समेटेर लैजाने क्षमता भएकाले पार्टीकार्यकर्ता तथा नेतृत्व वर्गले ओम घर्तीलाई नै सर्वसम्मत रुपमा अध्यक्ष बनाउनेमा आफु ढुक्क रहेको बताए । निर्वाचन भईहालेमा पनि कार्यकर्ताहरुको पहिलो रोजाई नै घर्ती रहेकाले आफ्नो जित सुनिश्चित रहेको अध्यक्ष पदका उम्मेदवार घर्तिले बताए ।

एमाले जिल्ला नेतृत्वदेखी प्रदेश तथा केन्द्रिय तहले भने नेतृत्वमा जो सुकै आउने परिस्थिती बने पनि सर्वसम्मत रुपमा नेतृत्व चयनको लागि विविध पक्षबाट छलफल तथा बैठकहरु भईरहेको बताएका छन् ।

## खेलकुद समाचार

### राष्ट्रिय खेलकुद परिषद्को मिसन २०२६ अन्तर्गत खेल थप



**काठमाडौं,** जेठ ८/राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले मिसन-२०२६ अन्तर्गत दोस्रो चरणमा राष्ट्रिय टोली तयारीको विशेष प्रशिक्षणका लागि पाँच वटा खेल थप गरेको छ । यसअघि पहिलो चरणमा पनि पाँच खेल समावेश गरिएका थिए । राखेपका सदस्य-सचिव टङ्कलाल घिसिङका अनुसार थप गरिएका खेलमा महिला कबड्डी, महिला भलिबल, भारोत्तोलन, कुस्ती र एथलेटिक्स रहेका छन् ।

मिसन-२०२६ अन्तर्गत पहिलो चरणको विशेष प्रशिक्षणमा रहेका खेलाडी र प्रशिक्षकका लागि आयोजित कार्यक्रममा घिसिङले दोस्रो चरणमा ५२ खेलाडी र १० प्रशिक्षकलाई समावेश गरिएको जानकारी दिए । कबड्डी र भलिबलमा १२-१२, भारोत्तोलन र कुस्तीमा पाँच-पाँच तथा एथलेटिक्समा चार-चार पुरुष र महिला खेलाडीलाई समावेश गरिएको छ । पहिलो चरणमा कराते, तेक्वान्दो, उसु, जुडो र बक्सिङका ५० खेलाडी तथा १० प्रशिक्षक यतिबेला तयारी प्रशिक्षणमा छन् । जापानमा हुने २० औँ एसियाली खेलकुद तथा त्यसअगाडि हुने विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितालाई ध्यान दिएर राखेपले २०८० माघ १५ गतेदेखि मिसन-२०२६ अन्तर्गत पहिलो चरणमा पाँच खेल समावेश गरी राष्ट्रिय टोली तयारीको विशेष प्रशिक्षण थालेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य घट्यो




**पाल्पा,** जेठ ८/सुनको भाउ मंगलबार तोलामा १ हजार २ सय रुपैयाँ घटेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले यस दिनका लागि सुनको मूल्य प्रतितोला १लाख ४० हजार ६ सय रुपैयाँ तोकेको छ । यसअघि अघिल्लो दिन सुनको भाउ हालसम्मकै उच्चप्रतितोला १ लाख ४१ हजार ८ सय रुपैयाँ पुगेको थियो ।

चाँदीको भाउ पनि तोलामा ५५रुपैयाँ घटेको छ । अघिल्लो दिन तोलाको १ हजार ९ सय ४० रुपैयाँ मूल्य रहेकोचाँदी आज १ हजार ८ सय ८५ रुपैयाँ कायम भएको छ ।


## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं

- आफुले प्रयोग गर्ने फेसबुक, ट्विटर, ईन्स्टाग्राम लगायतका सामाजिक संजालको एकाउन्ट प्रयोग पश्चात लगआउट गरौं,
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ,
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं,
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं,
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ,
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ,
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ,
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ,
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं,
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## नाम, थर, जन्ममिति एउटै भएको सूचना

पाल्पा जिल्ला साविक सोमादी गा.वि.स. वडा नं. ५ हाल रैनादेवी छहरा गाउँपालिका वडा नं. २ निवासी भारतिय भू.पू. सैनिक नं. ५७४८३५५ K का राम बहादुर (ना.प्र मा गोविन्द बहादुर सोमै) को श्रीमति तथा छोराहरुको विवरण नेपाली नागरिकता प्रमाणपत्र र पेन्सन अभिलेखमा फरक परेको भएता पनि व्यक्ति एउटै भएको तपशिल बमोजिमको पारिवारीक विवरण सहित नाता प्रमाणित गरिन्छ ।

**नागरितामा भएको :**
**नाम थर :** गोविन्द बहादुर सोमै
**जन्म मिति :** २०१०/०९/२२
**पेन्सन पट्टामा भएको :**
**नाम थर :** राम बहादुर
**जन्म मिति :** सन् १९५८/०८/२२

**श्रीमतिको नाम थर :** सावित्री सोमै **(नागरिकतामा)**
**जन्म मिति : २०२०/०८/०१**
**श्रीमतिको नाम थर :** सावित्री देवी थापा **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९६३/०६/१५**

**छोराको नाम थर :** भिम बहादुर सोमै **(नागरिकतामा), (विवाहित)**
**जन्म मिति : २०४०/०५/१०**
**छोराको नाम थर :** भिम बहादुर थापा **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९८३/०९/१५**

**छोराको नाम थर :** जुनबिर सोमै **(नागरिकतामा), (विवाहित)**
**जन्म मिति : २०४५/१२/०७**
**छोराको नाम थर :** जंग बहादुर थापा **(पेन्सनपट्टामा)**
**जन्म मिति : सन् १९८८/०४/२०**

## बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई